नेपाल सरकार
राष्ट्रिय परीक्षाबोर्ड
परीक्षा नियन्त्रण कार्यालय, कक्षा १०
सानोठिमी, भक्तपुर

पत्र संख्या २०८२।०८३
चलानी नम्बर

**माध्यमिक शिक्षा परीक्षा(SEE) २०८२पूरकपरीक्षाको नतिजाकोपुनर्योगमा चित्त नबुझेका परीक्षार्थीका लागि उत्तर पुस्तिका हेर्नर पुनपरीक्षणःका लागि निवेदन दिनेसम्बन्धी सूचना**

**सूचना प्रकाशन मिति :-२०८३।०४।२२**

२०८३ सालआषाढ महिनामा सञ्चालित माध्यमिक शिक्षा परीक्षा(**SEE**)०८२कोपूरकपरीक्षामा सम्मिलित भएका र प्राप्त भएको विषयगत नतिजामा चित्त नबुझाएर पुनर्योगका लागि निवेदन दिएका परीक्षार्थीहरूले पुनर्योगको विषयगत नतिजा प्रकाशनपश्चात् पनि चित्त नबुझेमा **स्थगित नतिजा प्रकाशन, पुनर्योग, पुनपरीक्षणः, ग्रेडगिट एकीकृत, प्रमाणपत्रका त्रुटि तथा अभिलेख सशोधनसम्बन्धीनिर्देशिका,२०८३** को दफा ८ बमोजिमआफूले लेखेको उत्तरपुस्तिका हेर्नका लागि यो सूचना प्रकाशन भएको मितिले ७(सात) दिन भित्र हेर्न चाहेको विषयको प्रति विषय रु २०००–(दुई हजार) का दरले राजश्व खाता नं.१४२२३ मा रकम जम्मा गरी तपसिलका कागजातका साथ यस कार्यालयमा निवदेन दिनहुन सम्बन्धित परीक्षार्थीको जानकारीकालागि यो सूचना प्रकाशन गरिएको छ ।

१.निवेदन (फोटोसहितको निवेदनमा सम्बन्धित परीक्षार्थी र निजका अभिभावकले गरेको हस्ताक्षर समेत भएको) २.सक्कल प्रवेश पत्र
३.आफूले कक्षा १० मा अध्ययन गरेको विद्यालयको सिफारिस पत्र ४.ग्रेडसिट र मूल प्रमाणपत्र५.कबुलियतनामा ६.पुनर्योग प्रयोजनका लागि प्रतिविषय रु २०००।- राजस्व तिरेको सक्कल नगदी रसिद वा भौचर७.परीक्षार्थी र अभिभावकसँगको नाता प्रमाणित हुने कागजात

**नोटः**

१.उत्तरपुस्तिका हेर्न पाऊँ भनी रितपूर्वक निवेदन दिएका परीक्षार्थीको उत्तरपुस्तिका बिषयगत विज्ञ र अभिभावकसमेतको उपस्थितिमा हेर्ने व्यवस्था मिलाइनेछ । यस कार्यालयले फोनमा सम्पर्क गरी उत्तरपुस्तिका हेर्न तोकेको दिनमा अभिभावकसहित विद्यार्थी स्वयम् अनिवार्य उपस्थित हुनुपर्नेछ।
२.उत्तरपुस्तिका हेर्न पाऊँभन्ने निवेदन, कबुलियतनामाको ढाँचार विद्यालयले सिफारिस गर्ने पत्रको ढाँचा **see.gov.np** बाट र सम्बन्धित निर्देशिका **neb.gov.np** बाट डाउनलोड गर्न वा यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
३ मूल परीक्षाको पुनर्योगको नतिजा प्रकाशन गर्दा प्राविधिक कारणले छुट भई पूरक परीक्षाको तेस्रो चरणको नतिजा प्रकाशनमा समावेश भएकापरीक्षार्थीहरूले पनि यही सूचनाअनुसारउत्तरपुस्तिका हेर्ने र पुन: परीक्षण गराउन चाहेमा गराउन सकिने बेहोरा समेत सूचित गरिन्छ ।

**पुनश्च : उत्तरपुस्तिका हेर्ने प्रक्रिया पूरा गरिसकेपछि पनि चित्त नबुझेमा चित्त नबुझेको विषयको उत्तरपुस्तिका पुनपरीक्षणःका लागि समेत देहायबमोजिमको प्रक्रियाअनुसार निवेदन दिन सकिनेछ ।**

२०८३ साल आषाढ महिनामा सञ्चालित माध्यमिक शिक्षा परीक्षा(**SEE**)०८२को पुरकपरीक्षामा सम्मिलित भएका र प्राप्त भएको विषयगत नतिजामा चित्त नबुझाएर पुनर्योगका लागि निवेदन दिएका परीक्षार्थीहरूले पुनर्योग र उत्तरपुस्तिका हेर्ने प्रक्रिया पश्चात पनि विषयगत नतिजामा चित्त नबुझेको विषयको उत्तरपुस्तिका पुनपरीक्षणःको लागि**स्थगित नतिजा प्रकाशन, पुनर्योग, पुनपरीक्षणः, ग्रेडगिट एकीकृत, प्रमाणपत्रका त्रुटि तथा अभिलेख सशोधनसम्बन्धीनिर्देशिका,२०८३** को दफा ९ बमोजिम निवेदन दिन चाहेमा उत्तरपुस्तिका हेरिसकेपछि सोही दिन वा सोको ३ (तीन)दिन भित्रमा आफूले लेखेकोउत्तरपुस्तिका पुनपरीक्षणः गराउन चाहेको विषयमा प्रति विषय रु २०००–(दुई हजार) का दरले राजश्व खाता नं.१४२२३ मा रकम जम्मा गरेको नगदी रसिद वा भौचरसहित यस कार्यालयमा उल्लिखित निर्देशिकाको दफा १० बमेजिमकोउत्तरपुस्तिका पुनपरीक्षणःसम्बन्धी सर्तहरु परिपालना गर्नेगरी निवेदन दिन सक्ने बेहोरा समेत जानकारी गराइन्छ ।

नियन्त्रक

फोन न. ६६३०८१९,६६३०७३९,६६३००७० फ्याक्स ९७७६६३११४६

फोटो

श्रीमान् परीक्षा नियन्त्रक ज्यू,

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १०, सानोठिमी. भक्तपुर ।

बिषय : उत्तर पुस्तिका हेर्न पाउँ भन्ने बारे ।

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १०, सानोठिमीद्वारा मिति २०८३आषाढ महिनामा सञ्चालित माध्यमिक शिक्षा परीक्षा(SEE) २०८२को पुरक परीक्षामा सम्मिलित भएको र प्राप्त नतिजामा तल उल्लिखित बिषयहरूमा मैले पाएको ग्रेडमा चित्त नबुझेर नियमानुसार पुनर्योग गराएकोमा त्यस उपर पनि चित्त नबुझेकोले **स्थगित नतिजा प्रकाशन, पुनर्योग, पुनःपरीक्षण, ग्रेडगिट एकीकृत, प्रमाणपत्रका त्रुटि तथा अभिलेख सशोधन सम्वन्धीनिर्देशिका,२०८३** को दफा ८ बमोजिमआफुले लेखेको उत्तरपुस्तिका हेर्न प्रति बिषय रु. २०००/-(दुई हजार)का दरले ........... बिषयको जम्मा रकम रु.................को नगदी रसिद/ बैंक भौचर र आवश्यक कागजातहरू सहित तोकिएको ढाँचा बमोजिम कबुलियतनामा गरेर उत्तरपुस्तिका हेर्ने सम्बन्धी शर्तहरू अनिवार्य रूपमा पालना गर्न मञ्जुर गरी तल उल्लेखित विषयका उत्तरपुस्तिका हेर्न यो निवेदन पेश गरेको छु ।

परीक्षार्थीको नाम, थर :

रजिष्ट्रेशन नं. :

सिम्बोल नं. :

विद्यालयको नाम, ठेगाना :

परीक्षाकेन्द्रको नाम :

आमाको नाम, थर :

बाबुको नाम, थर :

**उत्तर पुस्तिका हेर्न चाहेका बिषयः**

| क्र.स. | बिषय कोड | बिषय | प्राप्त ग्रेड(सैद्धान्तिक) | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

सम्बन्धित विद्यालयबाट उल्लेखित विवरण साँचो हो भनी प्रमाणित गर्ने प्रधानाध्यापक :

नाम, थर :

हस्ताक्षर :

सम्पर्क मोवाइल नम्बर :

विद्यालयको छाप

**निवेदनका साथमा संलग्न गर्नुपर्ने आवश्यक कागजातहरूः**

१. सक्कल प्रवेश पत्र
२. विद्यालयको सिफारिस पत्र
३. ग्रेडसिटको प्रतिलिपि
४. कबुलियतनामा
५. पुनर्योग प्रयोजनका लागि राजश्व दाखिला गरेको प्रमाण ।
६. उत्तरपुस्तिका हेर्ने प्रयोजनका लागि राजश्व दाखिला गरेको सक्कल नगदी रसिद वा भौचर ।
७. परीक्षार्थी र अभिभावक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि

**(उत्तरपुस्तिका हेर्न तोकिएको दिनमा सक्कल ग्रेडशिट लिएर आउनुपर्नेछ ।)**परीक्षार्थीको दस्तखत :

परीक्षार्थीको सम्पर्क नं.

अभिभावकको सम्पर्क न

मिति :

श्रीमान् नियन्त्रकज्यु,

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १०, सानोठिमी. भक्तपुर

विषय :उत्तरपुस्तिका हेर्ने कवुलियतनामा ।

महोदय,

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १०, सानोठिमीद्वारा मिति २०८३।०३।२३ गते प्रकासित सूचनाअनुसार <u>स्थगित नतिजा प्रकाशन, पुनर्योग, पुनःपरीक्षण, ग्रेडगिट एकीकृत, प्रमाणपत्रका त्रुटि तथा अभिलेख सशोधन सम्वन्धीनिर्देशिका,२०८३</u> को दफा ६ बमोजिम पुनर्योगका लागि अनलाइनवाट फाराम भरेकोमा पुनर्योगको प्रकाशित नतिजामा मेरो चित्त नबुझेको हुँदा माथि उल्लेखित निर्देशिकाको दफा ८ बमोजिम आफुले लेखेको विषयको उत्तरपुस्तिका हेर्न तपसिलबमोजिमका सर्तहरू अनिवार्य रूपले पालना गर्न म सहर्ष मञ्जुर भई यो कबुलियतनामा उपनियन्त्रक/ शाखा अधिकृत श्री                                   को रोहबरमा गर्दछु ।

तपसिल

१. उत्तरपुस्तिका परीक्षक/ संपरीक्षकहरूको नाम,ठेगाना र मोबाइल नम्बरलगायतका परिचय माग्ने छैन ।
२. आफ्नो निवेदनअनुसारका उत्तरपुस्तिका यसै बोर्डद्वारा नियुक्त विषय विज्ञ र आफ्नो अभिभावकसँग बसी बोर्डको प्रतिनिधिको रोहवरमा हेर्नेछु ।
३. आफ्नो उत्तरपुस्तिकाको तुलना अन्य परीक्षार्थीको उत्तरपुस्तिकासँग गर्न माग गर्ने छैन ।
४. आफ्नो उत्तरपुस्तिकामा प्रदान गरिएको प्राप्ताङ्क र उत्तरपुस्तिका सार्वजनिक गर्ने छैन । यदि सोको सार्वजनिक गरेमा बोर्डले गर्ने नियमानुसार(यस बोर्डद्वारा सञ्चालित परीक्षामा सम्मिलित हुन नपाउने गरी कम्तीमा एक वर्षका लागि निष्काशित वा प्रचलित कानुनबमोजिम) को सजाय भोग्न तयार छु ।
५. उत्तरपुस्तिका हेर्ने स्थलमा मेरो मोबाइल फोन, क्यामरा र रेकर्डजन्य/उपकरण लैजाने छैन ।
६. उत्तरपुस्तिका हेर्नका लागि परीक्षा नियन्त्रण कार्यालयले तोकेको मिति स्थान र समयमा अभिभावकसहित उपस्थित हुनेछु ।

***माथी उल्लिखित सर्तहरू पूर्ण रूपमा पालना गर्नेछु भनी सहीछाप गर्ने :***

<u>परीक्षार्थी</u>

हस्ताक्षर :

नाम, थर :

सिम्बोल नम्बर :

मोबाइल नम्बर :

| दाँया | बाँया |
|---|---|
| | |

<u>अभिभावक</u>

हस्ताक्षर :

नाम , थर :

मोवाइल नम्बर :

परीक्षार्थीसँगको नाता :

| दाँया | बाँया |
|---|---|
| | |

| फोटो |
|---|

श्रीमान् परीक्षा नियन्त्रक ज्यू , मिति :

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १०, सानोठिमी. भक्तपुर ।

**विषय :** उत्तर पुस्तिका पुनः परीक्षण गरिपाउँ भन्ने बारे ।

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० सानोठिमीद्वारा २०८३,आषाढ महिनामा सञ्चालित माध्यमिक शिक्षा परीक्षा (SEE), २०८२ पुरकमा निम्नलिखित विषयहरूमा मैले पाएको ग्रेडमा चित्त नबुझेर नियमानुसार पुनर्योग गराई उत्तरपुस्तिका हेर्न प्रकाशित सूचना अनुसार उत्तरपुस्तिका समेत हेरेकोमा त्यस उपर पनि चित्त नबुझेकोले प्रति विषय रु २०००। का दरले ...........विषयको जम्मा रकम रु.................को नगदी रसिद/ बैंक भौचर र आवश्यक कागजातसहित उत्तरपुस्तिका पुनः परीक्षणका लागि तोकिएका कबुलियतनामा र सर्तहरू अनिवार्य रूपमा पालना गर्न सहर्ष मञ्जुर भई तल उल्लेखित विषयका उत्तरपुस्तिका पुनः परीक्षण गरिदिनुहुन भनी यो निवेदन पेस गरेको छु ।

परीक्षार्थीको नाम, थर : परीक्षा केन्द्रको नाम :
रजिष्ट्रेशन नं. : आमाको नाम,थर :
सिम्बोल नं. : बाबुको नाम,थर :
विद्यालयको नाम, ठेगाना :

<u>उत्तरपुस्तिका पुनः परीक्षण गर्न चाहेका विषयः</u>

| क्र.स. | विषय कोड | विषय | प्राप्त ग्रेड(सैद्धान्तिक) | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

सम्बन्धित विद्यालयबाट उल्लेखित विवरण साँचो हो भनी प्रमाणित गर्ने प्रधानाध्यापक :(कपी हेर्ने प्रयोजनका लागि पेस गरेको निवेदनमा प्रमाणित भएकाको हकमा यो निवेदनमा प्रमाणित गर्न अनिवार्य छैन ।)

नाम, थर :

हस्ताक्षर :

सम्पर्क मोबाइल नम्बर :

<u>संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू</u>

१. ग्रेडसिट र प्रमाणपत्रको सक्कल
२. कपी हेर्ने प्रयोजनका लागि राजश्व दाखिला गरेको प्रमाण
३. उत्तरपुस्तिका पुनः परीक्षण प्रयोजनका लागि राजश्व दाखिला गरेको सक्कल नगदी रसिद वा भौचर

परीक्षार्थीको दस्तखतः
परीक्षार्थीको सम्पर्क नः
अभिभावकको सम्पर्म नः

श्रीमान् परीक्षा नियन्त्रक ज्यू ,                                                    मिति:

राष्ट्रिय परीक्षा बोर्ड,
परीक्षा नियन्त्रण कार्यालय कक्षा १०, सानोठिमी. भक्तपुर ।

बिषय :उत्तरपुस्तिका पुनः परीक्षण गराउनको लागि कबुलियतनामा ।

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १०, सानोठिमीद्वारा प्रकाशित सूचना अनुसार २०८२ को एस ई ई को पुरक परीक्षाको नतिजा पश्चात पुनर्योगको लागि आवेदन गरेकोमा प्राप्त नतिजामा चित्त नबुझेको हुँदा उत्तरपुस्तिका पुनः परीक्षण गर्ने प्रयोजनका लागि तपसिलबमोजिमका सर्तहरू अनिवार्य रूपले पालना गर्न म सहर्ष मञ्जुर भई यो कबुलियतनामा पेस गरेको छु । हरेक शर्तको पालना आफू र आफ्नो अभिभावक तथा आफू सम्बद्ध सबै जनाले पालना गर्नेछौं ।परीक्षा र उत्तरपुस्तिका परीक्षणसम्बन्धी प्रचलित नियम र मर्यादा तथा प्रस्तावित शर्तहरू पालना नगरेको बोर्डलाई लागेमा यस बोर्डद्वारा सञ्चालन हुने परीक्षामा सम्मिलित हुन नपाउने गरी कम्तिमा एक वर्षका लागि निष्काशित वा प्रचलित कानुनबमोजिमको थप सजायँ भोग्न तयार छु ।

तपसिल

१. उत्तरपुस्तिका संपरीक्षकहरूको नाम, ठेगाना र मोबाइल नम्बरलगायतका परिचय माग्ने छैन ।
२. मेरो निवेदनअनुसारका उत्तरपुस्तिकापरीक्षा नियन्त्रण कार्यालयबाट छनोट गरिएका विषयविज्ञबाट उत्तरपुस्तिका पुनः परीक्षण गर्न मेरो मन्जुरी छ ।
३. आफ्नो उत्तरपुस्तिका अन्य परीक्षार्थीको उत्तरपुस्तिकासँग तुलना गर्न माग गर्ने छैन ।
४. आफ्नो उत्तरपुस्तिकामा प्रदान गरिएको प्राप्ताङ्क र यसपछि प्राप्त हुने नतिजामा मेरो सहमति छ ।
५. उत्तरपुस्तिका पुनः परीक्षण पश्चातको नतिजा उपर न्यायिक निकायलगायत कुनै पनि निकायमा उजुरी गर्ने छैन ।
६. आफ्नो उत्तरपुस्तिकामा प्रदान गरिएको प्राप्ताङ्क र उत्तरपुस्तिका सार्वजनिक गर्ने छैन ।
७. हरेक शर्तको पालना आफू र आफ्नो अभिभावक तथा आफू सम्बद्ध व्यक्तिले उलङ्घन वा सार्वजनिक गरेको बोर्डलाई लागेमा राष्ट्रिय परीक्षा बोर्डद्वारा सञ्चालन हुने परीक्षामा सम्मिलित हुन नपाउने गरी कम्तिमा एक बर्षका लागि निष्काशित वा प्रचलित कानुन बमोजिमको थप सजायँ भोग्न तयार छु ।

माथि उल्लिखित सर्तहरू पूर्णरूपमा पालना गर्नेछु भनी सहीछाप गर्ने :

| परीक्षार्थी | अभिभावक |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम, थर : | नाम , थर : |
| सिम्बल नम्बर : | मोबाइल नम्बर : |
| मोबाइल नम्बर : | परीक्षार्थीसँगको नाता : |

| दाँया | बाँया |
|---|---|
| | |

| दाँया | बाँया |
|---|---|
| | |